हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १७, अङ्क : २१, २०७५ फागुन २६ गते आइतवार (10 Mar. 2019), मूल्य रु. २०।-



डोल्पामा दशककै बाक्लो हिमपात । डोल्पामा यो वर्ष माघको अन्तिम सातादेखि फागुन तेस्रो सातासम्म पटकपटक हिमपात भयो । जनजीवन कष्टकर त बनायो नै धेरै वर्ष पछि निकै बाक्लो हिउँ जम्यो ।

डोल्पामा दशककै धेरै बाक्लो हिमपात

सुस्केरा डेक्स

डोल्पा, फागुन - यो फागुनमा पटकपटक हिमपात भए भन्दा मात्र होइन डोल्पामा दशककै सबैभन्दा बा(क्लो हिमपात भएको छ । हिमपातले भर्खरै पठनपाठन सुरु भएका विद्यालय लगायत सरकारी कार्यालयका कामक(ाज समेत प्रभावित भएका छन् ।

डोल्पा यतिखेर जताततै सेताम्मे बनेको छ । बुधवार विहान ४ बजे बाट हिउ जम्न सुरु गरेदेखि लगातार बेलुकी साढे ५ बजेसम्मै १३ घण्टा हिमपात भएको थियो । भारि हिमप(ातका कारण जमेको बाक्लो हिउंले डो ल्पाको जनजीवन निकै कष्टकर बने को छ ।

हिमपातले हवाई उडान २ दिनदेखि अवरुद्ध रहेको छ । आन्तपरिक रुपमा दुनै-सुंपानी, दुनै-जुफाल, त्रिपुराकोट-खदाङ, खदाङ-त्रिवेणी खण्डमा चल्दै आएका जीप सेवा ठप्प भएका छन् । हवाई सेवा अवरुद्ध हुंदा सरुवा भई रमाना लिएर जुफाल पुगेका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा समेतका थुप्रै यात्रुहरु जुफाल विमानस्थलमा अलपत्र परेका छन् । यही फागुन १ गतेबाट सुरु भएको नयां शैक्षिक सत्र २०७६ मा भर्खरै भर्ना सकिएर पढाई सुरु भएका विद्यालयहरुको पठनपाठन ठप्प भएको छ ।

पटकपटकको हिमपातकै कारण

.... .पेज नं. ८ मा

पहिरोले अवरुद्ध यातायात खुलेन

रुपलाल वोहोरा

डोल्पा, फागुन - भारी हिमपातका कारण माथिबाट आएको पहिरोले डो ल्पा प्रवेशद्धारका रुपमा रहेको कर वगाड क्षेत्रको मोटरबाटो क्षति पुर्‍याए पछि अवरुद्ध बनेको जीप यातायात अझै खुलेको छैन ।

गएको मंसिर ४ गते जाजरकोट-दुनै मोटरबाटोको ट्रयाक खोल्ने काम सकिएको भएपनि ठाउंठाउंमा पहिरो र माथिबाट आउने ढुंगाले बाटो क्षेति गर्दा यात्रामा समस्या आउने गरेको छ । यही क्रममा यही फागुनको ११ गतेदे खि परेको अविरल वर्षाका कारण माटो तथा पाखाहरुबाट पहिरो झरी जाजर कोट डोल्पाको दुनै मोटरबाटोको कर वगाड खण्डमा पहिरोले मोटरबाटो पुर्नुका साथै भत्काए पछि आन्तरिक

.... .पेज नं. ८ मा

दौतरी शिक्षा कार्यक्रम सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - समुदायलाई सचेत गराएर आफ्ना बालबालिकाहरुको शिक्षा दिक्षालाई गुणस्तरीय बन(ाउन र पढाईलाई दिगो बनाउनका लागि अभिभावक आफैले पहिलो कदम चाल्नु पर्ने र त्यसका लागि अभिभावकहरुका बिचमा दौंतरी शिक्षा मार्फत समुदायमा सचेतना फैलाउदै सामुदायिक विद्यालयको शैक्षिक विकासका लागि सहयोग पुर्‍याउने उद्देश्यका साथ सुरु भएको राष्ट्रिय प्रारम्भिक पढाई सिप विकास कार्यक्रम (इजिआरपी) अन्तर्गत आज ध्रुवतारा आधारभुत विद्यालय उपलल्लोदुनै डो ल्पाले साथी तथा दौतरी शिक्षा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

ध्रुवतारा आधारभुत विद्यालय उपल्लोदुनैको आयोजनामा विद्या(लयमा सम्पन्न साथी तथा दौतरी शिक्षा तालिम कार्यक्रममा कक्षा १ देखि ३ समम्मका बालबालिक(

.... .पेज नं. ८ मा

यात्रा गर्दा यात्रुलाई शास्ति

सुकमाया थापा

डोल्पा, फागुन - विमान स्थल जुफाल देखी सदरमुकाम दुनै सम्म र जाजरकोट डोल्पाको सडक खण्डमा जाजरकोट देखी छलगार्ड सम्म यात्रा गर्दा यात्रुहरुलाई समस्या पर्ने गरेको छ । यातायातहरु पनि निकै मुस्किलले सञ्चालन भईरहेका छन् । हिम्पातले गर्दा जता ततै बाटो भत्केर अवरुद्ध वनाएको छ । पानीले जमिन भिजेर बाटोमा माथीबाट ढुङगा खस्ने भएको हुदा पैदल हिडेर यात्रा गर्दा जोखीम समेत बढेको छ भने ति बाटोमा खसेका ढुङगाहरुले गाडिहरुलाइ ढुङगा पन्छ्याउन्दै हिडाल्न गारो परेको गाडि चालकहरुले गुनासो गरेका छन् ।

दिनदिनै एकै नासले पानी र हिउँ पर्न नछोडेपछि आफ्ना आवश्यक का(मगर्न भनेको गन्तव्य सम्ममा पुग्न नसकेको पैदल यात्रा गर्ने यात्रुहरुको गुनासो रहेको छ । पानीले भिजेको बाटोहरुमा गिलो माटो भएको ठाउँहरुमा ट्याक्टरका पाङ्ग्राहरुले कुल्चिएर बाटो अप्ठ्यारो बनाएकाले

.... .पेज नं. ८ मा

दुनै बजार उच्च खोजिमपूर्ण बन्दै

मेनुका बुढा

डोल्पा, फागुन - दुनै बजार उच्च जोखिममा परेको छ । नदि नियन्त्रण को लागि भन्दै ठेकेदारले तड्बन्धन भेरी छेउमा हालेपछि दुनै बजार तिर पानीले असर गर्ने भन्दै दुनै बजार उच्च जोखिममा परेको स्थानीयहरुले बताएका छन् । चैत्र बै शाखमा गर्मी महिना सुरु भइ पुष माघको पानी र हिउँ जमेको पग्लिने भएपछि बाढि पहिरो आउने र नदीको बहाव बढ्ने गर्दछ । हिउंदमा भएको हिमपातका कारण जमेको हिउं पग्लेर नदिमा बहाव बढ्ने बेला सुरु भैसके को अवस्थामा दुनै बचाउ अभियान स्वरुप नदि नियन्त्रण आयोजनाको तड् बन्धन गर्ने कार्य सुस्त गतिमा भैरहे को र सम्पन्न गर्न अझै केही महिना लाग्ने भएकाले दुनै बजार जोखिममा पर्ने स्थानीयहरुको भनाई रहेको छ । पहिला बजार तर्फको तड्बन्ध तथा आरसीसी ढलान गरेर बजार सुरक्षित गरेर मात्र बजार भन्दा तल, माथि र पारिपट्टी तड्बन्धन गर्नु पर्नेमा

.... .पेज नं. ८ मा

राष्ट्रिय नारी दिवसको अवसरमा महिलाहरु सम्मानित

सुकमाया थापा

डोल्पा, फागुन - नारी दिवसको अवसरमा विभिन्न महिलाहरुलाइ सम्मान गरीएको छ । डोल्पा जिल(लाका कुन निकाय र कुन क्षेत्रमा पहिलो भन्दै विभिन्न नगरपालीका र गाउँपालिकाका महिलाहरुलाइ सम्मान गरीएको छ ।

डोल्पा जिल्लामा पहिलो साहेक प्रमुख जिल्ला अधिकारी लक्ष्मी शर्मा, ठुलिभेरीनगरपालिका वडा न. ३ कि दुधकुमारीहमाल, त्रिपुरासुन्दरी नगर पालीका वडा नं ४ कि प्रदेश सभासद बदमी क्वारी बोहोरा, ठुलिभेरी नगर पालीका वडा नं ३ कि कार्यक्रम अधिकृत दन्ता न्यौपाने, त्रिपुरासुन्दरी नगरपालीका वडा नं १ कि डा. मे लीना हमाल, मुड्केचुला गाउपाल(ीका वडा नं ७ कि नारायणि ठकुल्ला, त्रिपुरासुन्दरी नगरपालीका वडा नं २ कि उपप्रमुख चन्द्राकुमारी बुढा, मुड्केचुला गाउँपालीकाकी उपाध्यक्ष सविता रोकाय, छार्काताङ्गसोङ गाउप(ालीका कि छिरीङ्गदिहिक गुरुङ, काइके गाउपालीका उपाध्यक्ष कुन्जाङ्ग बुढा, जगदुल्ला गाउपालीका कि उपाध्यक्ष अमृता लामा, त्रिपुरासुन्दरी नगरपाल(ीका वडा नं ९ कि वडा अध्यक्ष रमा बोहोरा, ठुलीभेरी नगरपालीकाकि विशु रोकाय, मुड्केचुलाकि खेलाडि तारा शाही, ठुलीभेरी नगरपालिका वडा नं. २ को महादेव आधारभुत विद्य(ालयकी प्रअ पद्मा कुमारी रोकाय, सोही नगरपालिकाको बालमन्दिर आधारभुत विद्यालयकी प्रअ अम्बिका

.... .पेज नं. ८ मा

डोल्पामा .....

सदरमुकाम दुनै स्थित जैरिगाड साना जलविधुतको नहर माथिबाट पहिरो गई दुई साता अघि विधुत अवरुद्ध भए पछि जनजीवन कष्टकर बनेको सदरमुकाम दुनै बासिहरुलाई हिमप(ातले भने चिसो बनाइदिएको छ । विजुली बत्ति भएको भए पानी ततार खाने, हिटरले कोठा तथा बेट तातो गरेर चिसोबाट बच्न सक्थे तर बत्ति पनि नभए पछि हिमपातले जनजीवन निकै कष्टकर बनाएको अनुभव भएको लोचाका देवि रोकायाले बताए ।

बाटोमा बाक्लो हिउं जमेर आवतजावत बन्द भए पछि हुलाक से वा समेत अवरुद्ध भएको छ । माथिल(लो डोल्पामा मात्र होइन तल्लो तथा मध्य डोल्पाका एक गाउंबाट अको ं गाउं आवत जावत अवरुद्ध भएको छ । हिमपातका कारण सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम प्रभावित भएको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी शर्माले बताइन् ।

गत मंगलवार दिउसोदेखि बदली भई बुधवार विहानदेखि वेलुकीसम्म निरन्तर रुपमा भएको हिमपातले २ सय १ सय मिटर उचाईमा पने ं डोल्पाको सदरमुकाम दुनैमा डेढ फुट बाक्लो हिउं जमेको छ । हिमपातका कारण सदरमुकाम दुनै कै विद्यालयहरुमा पठनपाठन अवरुद्ध भएको शिक्षा विकास तथा समन्वय इकाई डोल्पाले जनाएको छ । ताली, बन्ठाडा, ताचिन, सर्मी, काइगाउं लग(ायतका अन्य उच्च बस्तिहरुमा ३ फुट भन्दा बढि हिउ जमेकाले केही दिन पठनपाठन सुचारु हुन नसक्ने अवस्था रहेको छ ।

बाक्लो हिमपातका कारण छतमा जमेको भारि हिउंले दुनै बजारमा रहे को एक पुल हाउसको छत भास्सिएर क्षति पुर्‍याएको छ । हिमपातकै कारण शुभकामना आधारभुत विद्यालय रह डोल्पाको कम्प्यूटर कोठा भत्काएक(ाले लाखौंको क्षेति गरेको छ । उक्त विद्यालयको कम्प्युट कोठा भत्कदा कोठा सहित २ थान कम्प्युटर, १ थान प्रिन्टर, १ थान टेलिभिजन, १ थान घडी, ४ थान टेवल, २ थान बेन्च र २ थान बाल्टी कच्याककुचुक पारेर क्षति पुर्‍याएको छ । यस प्रकार हिमपातले निकै ठुलो समस्या पारेको स्थानीयहरु बताउछन् ।

बाक्लो हिउं जमेका कारण पानी ल्याउन धारासम्म जान आउन समे त निकै कठिन बनेको सर्मीकी लक्ष्मी बुढाले फोनमा बताईन । उनले थपिन, तीनदिनदेखि बादल लागेर दिनभरी हिमपात हुंदा चिसोले खाना पकाउन, भांडा धुन, पशु बस्तु घसाउने काममा समेत निकै कष्टकर बनेको छ ।

सदरमुकाम दुनैमा यति धेरै हिउ

पहिरोले .. ..

रुपमा संचालनमा रहेको जीप से वा लगायत ट्याक्टर, मोटरसाइकल लगायतका विभिन्न यातायात अवरुद्ध भएको थियो ।

त्यतिवेला पहिरो धेरै भएका कारण थोरै बजेट तथा कामले नसकिने दे खिएकाले निर्माण तथा मर्मतमा ढिलाई भएको त्रिपुरासुन्दरी नगर पालिकाले जनाएको छ । धेरैको गुनासो आए पछि आफ्नो क्षेत्र भित्र पर्ने भत्केको बाटो अवलोकन तथा लागत अनुमानका लागि त्रिपुरासुन्दरी नगरपालिकाले प्राविधिक खटाई पठाएको र प्राविधिकहरुले अवलोकन गरी आइसकेकाले अब छिट्टै मर्मतको काम अघि बढाइने बताएको छ ।

बुधवार पहिरो गएको क्षेत्रको भ्रमण गरेर फर्के पछि प्राविधिकहरुले डो जर प्रयोग गरेर पहिरो पन्छाउदा ४० घण्टाभन्दा बढि लाग्ने अनुमान गरेको त्रिपुरासुन्दरी नगरपालिकाका नायव सुब्बा हिराचन्द्र धरालाले जानकारी दिए । उनका अनुसार जति सक्यो छिटो काम सम्पन्न गरी यातायात सुचारु गर्न नगरपालिकाले भरमग्दुर प्रयास गरिरहेको बताए ।

फागुन सुरु हुंदैदेखि पटकपटक वर्षा र हिमपात हुदै आएको थियो । त्यही वर्षा र हिमपातले गएको ११ गते करवगाड क्षेत्रमा पहिरो गई मोटरबाटो विग्रदा यातायात अवरुद्ध भएको त्रिपुरासुन्दरी नगरपालिकाकी उपप्रमुख चन्द्रकुमारी बुढाले बताईन् । उनले अव ढिलो भैसकेकाले जति सक्यो छिटो यातायात खुलाउने गरी मर्मतको काम गरिने छ । लागत इस्टिमेट आइसकेको छैन । लागत

दुनै बजार ... .

प्राविधिक रुपमा काम गराउन तथा प्याकेज ठेक्का गलत तरिकाले भएको आरोप स्थानीयहरुले लगाउने गरेका छन् । किनकी पहिले बजार तर्फको किनारामा तङ्बन्धको काम सक्नु पने ंमा बजार तर्फको कामै नछोएर अन्य

राष्ट्रिय नारी ....

हमाल, स्टाफ नर्स तुलमाया विक, मनिता विक, अहेव सम्झना महतारा, सिनियर अनमि सत्य रोकाया, त्रिपुर ासुन्दरी नगरपालिका वडा नं ११ कि जुनकुमारी रोकाया, गंगा ओझा, रिता ठकुल्ला, स्टार्फ नर्स दिलुकुमारी बुढा र तारा बुढालाइ कार्यक्रममा सम्मान गरीएको थियो ।

जिल्ला समन्वय समिति डोल्पा र ठुलीभेरी नगरपालिका वडा नं ३ दुनैमा वडा नं १, २, ३ र ४ को संयुक्त आयो जनामा अन्तरपार्टि महिला सञ्जाल डोल्पा, महिला शसक्तीकरण डोल्पा, महिला सञ्जाल डोल्पा, सेडा नेपाल डोल्पा, एस.एन.वाई डोल्पा, किर्डाक नेपाल, पुकेस डोल्पा लागयतका सर कारी तथा गैरसरकारी संघसंस्थाहरुको सहयोगमा मनाइएको १०९ औं नारी दिवसमा यि सम्पुर्ण महिलाहरुलाइ सम्मान गरीएको थियो ।

आजको सम्मान पाएका जस्ता महिलाहरु धेरै रहेको प्रतिक्रिया धेरैले दिएका छन् । तर पनि सुरुवात राम्रो गरेको पनि भन्नेहरु रहेका छन् । डो ल्पा जिल्लामा कयौ महिलाहरु भएको र गुनात्मक भन्दा मात्रा बढि भएकाले कुन आधारमा कुन कार्यको समाज प्रतिको के देन र योगदानले सम्मान भए भन्दा पनि जागीरे सिलसिलामा अगाडि भएको भन्दै यो सम्मान गर ीएको प्रती आफनो चित्त नबुझेको नागरीक समाज डोल्पाका अध्यक्ष सेर बहादुर बुढाले बताउनु भयो ।

सम्मान गर्नु नराम्रो न भएको तर शैक्षिक स्तरकै हिसावमा यि आजका सम्मन पाउने महिलाहरु जस्ता डो ल्पा जिल्लामा धेरै भएको तर कुन आधारमा छनोट गरेर किन सम्मान गरीयो भन्ने प्रश्न उठेको छ । यसरी आधार तय नगरी छनोटको मापदण्ड नबनाई छानेर सम्मान गर्दा राम्रो गरे का अन्य महिला दिदीबहिनीहरुलाई आत्मा गलानि भएर कसैको मनमा ठे

यात्रा गर्दा . ...

पनि गाडिहरु मस्किलले वारपार गने ं गरी चलाउन परेको र यात्रा गर्दा रिक्स मोलेर यात्रा गर्नु परेको गाडि चालकहरुले बताएका छन् ।

वर्षा तथा हिमपातका कारण ठाउंठाउंमा पहिरो तथा माथिबाट ढुङ्गा आउंदा त्रिवेणीदेखि नै बाटो बिग्रे काले यातायात अवरुद्ध भएको छ । यातायात अवरुद्ध भए पछि यात्रुहरु पै दल यात्रा गर्न बाध्य छन् भने दैनिक उपभोग्य सामग्रीहरु समेत ढुवानीमा बाधा परेको ढुवानी सेवा चलाउदै आएका जनक बिसीले बताउनु भयो । बाटो नबनाउन्जेल यातायात चल्ने अवस्था छैन ।

दौतरी शिक्षा ....

ाका अभिभावकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकार ीहरु, शिक्षक अभिभावक संघ तथा र ाष्ट्रिय प्रारम्भिक पढाई सिप विकास कार्यक्रमको उपसमितिका पदाधिकार ीहरुको उपस्थिति रहेको दौंतरी शिक्षा तालिममा उपस्थित रहेको उक्त विद्य(ालयले बताएको छ ।

तालिममा धेरै कुरा सिकिएको र बालबालिकाहरुको शैक्षिक गुणस्तर बढाउनका लागि विद्यालय तथा शिक्षकहरुको मात्र भूमिकाले भन्दा पनि अभिभावकहरु र शिक्षकहरु सबैको साझा पहल तथा घर मा पनि अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई पढाईमा लगाउन सकियो भने निकै राम्रो हुने कुरा बुझिएकोले अवदेखि आफू र आफ् नो वरपरका सबैलाई त्यस तर्फ लाग्न सबैलाई सम्झाउने कुरामा लाग्ने अभिभावक रामकुमारी शाहीले बत(ाउनु भयो । तालिममा सहभागि सबैले अवदेखि आफ्ना बालबालिकाहरुलाई घरमा दिनमा १० मिनेट पढ्न लगा(उने प्रतिवद्धता जनाउनु भएको सहज(कर्ता सन्तोष शाहीले बताउनु भयो । तालिममा इजिआरपी कार्यक्रम अन्तर्गत ठुलीभेरी नगरपालिका र काइको गाउंपालिकाका कार्यक्रम अधिकृतहरु सन्तोषबहादुर शाही र

शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारीको अवसर र आर्थिक विकाससँग जोड्ने अभिप्रायले नेपाल सरकारद्धारा गठित कार्यदलले मानव संसाधनको आँकलन तथा प्रक्षेपण कार्य गरिरहेको सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट मार्फत वा www.hrp.gov.np मा रहेको online विवरण तथा सुझाव संकलन फारम यथाशिघ्र भरिदिई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

Email:- hrp@moest.gov.np
Toll Free No.: 16600100382

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
कार्यकारी सम्पादक : .....
व्यवस्थापक : लेखबहादुर बुढा
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com

सम्पादकीय

यातायात चले पनि शास्ति

विकासमा निकै पछि परेको अहसुस गरेको डोल्पा अझैसम्म राष्ट्रिय सडक सञ्जालमा जोडिन सकेको छैन । राष्ट्रिय सडक सञ्जालमा जोडिनका लागि नेपालगञ्जको जमुनाहदेखि चीनको तिब्बतको सिमाना मरिम्लासम्म जोड्ने सडकमा पर्ने जाजरकोट डोल्पाको दुनै खण्डमा मात्र १४ वटा पुल निर्माण हुनु पर्दछ ।

पुल निर्माण हुनु पर्ने नदि तथा खोलाहरुमा पुल नबन्दा यात्रुहरुले निकै शास्ति भोग्नु परेको सबैतिर चर्चा हुने गरेको छ । कस्तो शास्ति भन्दा यात्रु र व्यापारीहरुले बताउने गरेका छन् । नेपालगञ्ज, सुर्खेतबाट व्यापारका लागि आउने दैनिक उपभोग्य सामग्रीहरु तथा निर्माणका सामग्रीहरु ढुवानी गर्दा निकै शास्ति खेप्नु परेको व्यापारीहरु बताउछन् । उनीहरुको दावी छ की ढुवानी गर्दा हरेक पुल लाग्ने ठाउँ पर्ने खोला तथा नदिमा पारि सामान झारेर वारि सार्ने गर्नु पर्ने तथा पल्टी गर्नु पर्ने झन्जट त छदैछ । यही कारण सामान ढुवानीमा निकै ढिलो हुने, सामान टुटफुट हुने, हराउने गरेको छ । जसले गर्दा ढुवानीकर्ताहरुले समस्या भोग्दै आउनु परेको छ ।

यति मात्र होइन सामानहरु ढुवानीका क्रममा बिच बाटोमा रहेको बेला पल्टी गर्दा सामान ओसार पसार गर्दा कामदार नपाइने, पाइए पनि सामान ओसार्दै गर्दा पानी पर्ने, ठाउँठाउँमा सामानहरु हिलो धुलो ले समस्या पार्ने गरेको छ ।

सामान ल्याउँदा त यस्तो शास्ति छ भने मानिसहरुलाई आवतज(ावतमा कस्तो शास्ति होला सहजै अनुमान गर्न सकिन्छ । किनकी धेरै ठाउँमा जीप साट्नु पर्ने बाध्यता रहेको छ । देशका ठुला मिडिया हरुले समेत डोल्पाको सदरमुकाम दुनै राष्ट्रिय सडक सञ्जालमा जोडिएको समाचार प्रकाशन प्रसारण गरे । तीनै समाचारका आधारमा धेरै स्वदेशी पर्यटकहरुले फोक्सुण्डो ताल लगायत डोल्पाका विभिन्न पर्यटकिय स्थलहरुको भ्रमण गर्नका लागि नेपालगञ्ज लगायतका शहरबाट मोटरसाइकल मै डोल्पा पुग्ने गरी हिडे तर ठाउँठाउँ तथा दुनै पुगुन्जेल १४ ठाउँको खोलामा मोटरेबल पुल नभएकाले मोटरसाइकल बोक्नु पर्ने बाध्यता पर्‌यो ती पचास भन्दा बढि मोटरसाइकलको भरमा डोल्पा पुग्न हिडेका पर्यटकहरुले निकै शास्ति खेपेर डोल्पालाई राष्ट्रिय सडक सञ्जालमा जोडिएको समाचार लेख्ने पत्रिका र पत्रकारहरुलाई सरापे ।

अझै चेत फर्केका छैनन् हाम्रा कर्णालीमैत्री भनिने नेता, कार्यकर्ता, कर्मचारी, पत्रकारहरुको किनकी थोरै पाए धेरै चर्चा गर्ने उनीहरुको धारणा हुने गरेको छ । यसको असर डोल्पाको हरेक विकासमा परेको छ । हरेक कुरामा पछि परेको नेपालकै अविकसित जिल्ला, बिकट जिल्ला डोल्पाको आधा स्थानीय तह सुगममा परेका छन् । यसैमा अचम्मै लाग्नु पर्ने हो ती सुभचिन्तकहरुलाई तर खै के नगरपालिकै भए पनि त्रिपुरासुन्दरी र ठुलीभेरी कतिकुरामा आत्मनिर्भर छन् । यी स्थानीय तहमा आउने सडकले छुने छेडागाड नगरपालिका जाजरकोट भने अविकसितमा पर्ने, सिधा गाडि त के सडकको ट्रयाक नखुल्दै र कुनै संरचना राम्रो नभएका डोल्पाका ४ वटा स्थानीय तह विकसितमा परे अचम्म लाग्छ । यही हो बिडम्बना र गलित चिन्तन ।

आवरण

पादुका

... क्रमशः .....
फूल र भमराको प्राकृत सत्ता ढाल्न
आतुर मनोरोग ग्रस्त धार्मिक कानुन
निर्माणशाला बनाइएको छ समाज ।
धर्म र पापको पर्खाल उभ्याएर
बैतरणी तार्न पाखण्ड पण्डित
शौचालय निर्माणको चेतना गुमाउँदै
वैदिक परियोजना बेलाबखत
मौलाउँन उद्दत छ ।
मान्छेको मन बहलाउन
एच आइ भि माथी कन्डम कंपनीको
अर्थ राजनीति र
भुकम्प रेक्टर स्केल घटाइ
देखाइएको सहयोगमा
सरकारी मनोमानी
उस्तै उस्तै लाग्दैछ ।
र
सरकार संस्कार र संसार
यसै सेरोफेरोमा घुम्दैछ झैं
लाग्छ मलाई
किन पनि भने
यहाँ अझै देखेको कुरा
भोगेको कुरामा तादात्म्यता
देख्दिन म !

सम्भावना

मेरो कामनाको
मूल्य छैन ।
प्रार्थना सुन्ने कान छैनन् ।
मेरो सास कसैलाई काम लाग्दैन ।
अर्थ भलाई अर्को भोकले भुलाउँछ ।
तै पनि म सकिन मन पराउँछु ।
तिमी गुन मान या दोष !
म म हुँदै होइन ।
मेरो केही छैन ।
जव बुझैं,
मेरा भोक मेरा निद मेरा स्वाद
मेरा आश भरोसा सबैमा तिमी घुल्यौ ।
म तिमिलाई प्राप्त गर्ने हैसियत राख्दिन ।
मुर्ती चित्र र बिम्बमा तिमी देख्दिन ।
तर पलपल अनुभव गर्छु ।
तिमी छौ म सँग जोडिएको
पानीको उड्ने शक्ति झैं ।
बाफको नरोकिने गुण झैं ।
र म पानीमा रंग झैं घुलेको छु ।
बाफमा धुवा झैं मिसिएको छु ।
कसैले यसलाई भक्ती भन्लान् ।
म संग मुर्ती तस्विर फूल टीका नदेखेर
कसैले यसलाई पागलपन भन्लान् ।
के मैले मेरो मेरो यस्तो चिज हेर्न
सबैलाई देखाउन जरुरी छ ?
मलाई साकार र निराकार को वाद
पनि थाहा छ ।
किन कि भ्रमका पत्रले थिचिएर
कुहिएर पानी बनेपछि
तिम्रा यावत चर्तीकला
सब वाइहात लाग्छ र त
म तिमी जस्तै हुन सकिन ।
कृपया म ढकनी हेरेर स्वाद
थाहा पाउन सक्दिन ।
तिमी खोलमै रमाउँछौ ।

खेलकुद

उसु खेलमा डोल्पा प्रथम

मेनुका बुढा

डोल्पा, फागुन - क्षेत्रिय स्तरमा सञ्चालन भएको सञ्चालन भएको उसु खेलमा डोल्पा प्रथम भएको छ । सुर्खेत, दैलेख, पश्चिम रुकुम सित भिड्दै दाङ को फाइनाल खेलमा उसु खेलाडि मुडकेचुला गाउपालीका वडा नं ६ कि तारा शाही र ठुलीभेरी नगरपालीका वडा नं ७ जुफालका बसन्त शाही प्रथम भएका छन् । यहि फागुन २२ गते देखी २५ गते सम्ममा सञ्चालन भएको उसु खेलमा ६५ खेखी ७० केजि मा अन्य भिडने ७० केजि तौलका खेलाडिहरु नभएपछि तारा शाही सोत प्रथम स्थान हाँसिल र्ग सफल भएकि छन । तेस्तै ठुलीभेरी नगरपालिका वडा नं ७ जुफाल का बसन्तले सुर्खेत, दैलेख, पश्चिम रुकुम सित भिड्दै दाङ को फाइनाल खेलमा बसन्त शाही प्रथम भएका छन क्षत्रिय खेलमा पहिलो पटक डोल्पाले नाम चिनाउन सफल भएको छ । तेस्तै एथिलिष्फट मा ८ सय मिटर दौडमा फुल्चीङका हस्त बुढा प्रथम हुनुभएकोछ । कराते मा ६५ देखी ६८ केजिमा जुफालका चेतकुमार शाही प्रथम भएको जिल्ला खेलकुद विकास समिती डोल्पाका अध्यक्ष लंक रो कायाले बताउनुभएको छ । यसैबिच डोल्पा पहिलोपटक तेक्वान्दो खेल सुरु कभर हलको व्यवस्था नहुदा खेल खेल्न सास्ती भएको छ । हिमाली जिल्ला डोल्पामा यहि पुष १५ गतेदेखी निशुल्क तेक्वान्दो खेल सुरु भएको छ । विगत देखीहाल सम्ममा कुनैपनि खेल प्रती डोल्पा जिल्लाले राम्रो खेलाडि उत्पादन गर्न नसकेकोबेला ठुलीभेरी नगरपालीका वडा नं ३ सदरमुकाम दुनै अन्तरग खेल सुरु भएको छ । डोल्पा जिल्लामा तेक्वान्दो खेलकोलागि कोभर हल मात्र नभएर कुनैपनि खेल मैदानहरु को उचित व्यवस्था हुन

समृद्धिका लागि साझेदारी

रासस

काठमाडौँ, फागुन - प्रतिनिधिसभाको आजको बैठकले 'सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि विचार गरियोस' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट अर्थमन्त्री डा युवराज खतिवडाले उक्त प्रस्ताव पेश गर्नुभएको थियो ।

त्यसअघि सांसद देवप्रसाद गुरुङ मुलुकको समृद्धिका लागि सार्वजनिक निजी साझेदारीको आवश्यकता रहेका उल्लेख गर्दै मुलुक निर्माणका लागि निजी क्षेत्रको सहभागितामूलक र सहयोगात्मक भूमिका हुनुपने बताउनुभयो । विदेशीभन्दा स्वदेशी लगानीलाई प्राथमिकता दिइनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रिय स्वाधीनता र राष्ट्रिय सुरक्षालाई ध्यान दिँदै लगानी स्वीकृत गरिनुपर्ने बताउनुभयो । लगानी बोर्ड संरचना निकै भद्दा भएको जनाउँदै उहाँले बोर्डलाई छिटोछरितो बनाउन सुझाव दिनुभयो ।

सांसद जनार्दन शर्माले विकासको अपेक्षा र आकाङ्क्षा पूरा गर्ने गरी विधेयक ल्याइएको भए पनि विधेयकमा ठोस योजना नआएको बताउनुभयो । बोर्डको संरचना निकै भद्दा भएकाले समयमै काम हुनेमा आशङ्का व्यक्त गर्नुभयो । संविधानले समाजवादको परिकल्पना गरे पनि विधेयक त्यसतर्फ केन्द्रित नभएको बताउनुभयो ।

सांसद सोमप्रसाद पाण्डेयले मुलुकलाई समृद्ध बनाउन उद्योगको ठूलो भूमिका हुने उल्लेख गर्दै लगानी र उत्पादन बढाउनुपर्ने बताउनुभयो । वैदेशिक लगानीलाई आकर्षित बनाउन स्पष्ट योजना बनाइनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले लगानी बोर्डलाई अनुगमन गर्न विशेषज्ञ र प्राविधिक समितिको गठन गरिनुपर्ने पनि बताउनुभयो ।

सांसद खगराज अधिकारीले मुलुक समृद्धिको यात्रामा बढेको सन्दर्भमा पूँजीको दायरा बढाउँदै जानुपर्नेमा जोड दिनुभयो । लगानीको संरक्षणका विषय विधेयकले सम्बोधन गरेको उल्लेख गर्दै नेपालको आत्मनिर्भर हुने क्षेत्रलाई सुरक्षित र प्रवर्द्धन गर्ने विधिलाई विधेयकमा स्पष्ट पार्नुपर्ने बताउनुभयो । औद्योगिक परियोजना सञ्चालन गर्न जग्गा प्राप्तिको समस्या हल गर्न विधेयकमा प्रस्ट व्यवस्था नभएको उहाँले उल्लेख गर्नुभयो ।

सांसद नवराज सिलवालले ठूलठूला परियोजनामा निर्माण गर्न निजी क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि आएको विधेयकले मुलुकका परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

सांसद प्रेम सुवालले ठूला परियोजना सञ्चालन गर्दा सार्वभौम संसद्लाई जानकारी नगराई लगानी बोर्डबाट निर्माण गर्ने प्रावधान सही नभएको बताउनुभयो । उहाँले सार्वजनिक निजी साझेदारीका नाममा राष्ट्रिय उद्योगधन्दा धरासयी बनाइएको आरोप लगाउनुभयो । सांसद भरतकुमार शाहले प्रधानमन्त्रीको अध्यक्षतामा बन्ने बोर्डले जनप्रतिनिधिमूलक संस्था संसद् र प्रतिपक्षलाई समेट्न नसकेको बताउनुभयो ।

बाल संशार



सरस्वति माध्यमिक विद्यालयका छात्र चित्र वि.क.ले बनाएको चित्र ।

विद्यावारिधि अध्ययनको गरिमा बढ्ने

रासस

काठमाडौँ, फागुन - त्रिभुवन विश्वविद्यालयले विद्यावारिधिलाई व्यवस्थित र गुणस्तरीय बनाई यसको गरिमा बढाउन अनुसन्धान विधिका बारेमा निश्चित मापदण्ड निर्माण गरेको छ ।

मानविकी तथा सामाजिकशास्त्र सङ्कायले विद्यावारिधिमा भर्ना भएका विद्यार्थीका लागि आज आयोजित अभिमुखीकरण कार्यक्रममा शिक्षाध्यक्ष प्रा डा सुधा त्रिपाठीले विद्यावारिधिको क्रममा अपनाउनुपर्ने न्यूनतम कार्यविधिका बारेमा जानकारी दिन अभिमुखीकरण सञ्चालन गरिएको बताउनुभयो ।

सङ्कायका डिन प्रा डा शिवलाल भुषालले विद्यावारिधिमा भर्ना भएका विद्यार्थीलाई अनुसन्धान विधि, अनुसन्धानको सैद्धान्तिक पक्ष लगायतका अनुसन्धानात्मक विषयमा जानकारी गराउने उद्देश्यले सो अभिमुखीकरण तय गरिएको जानकारी दिनुभयो ।

शिक्षक युनियनमा थापा

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) को पाँचौँ राष्ट्रिय महाधिवेशनले होमकुमार थापाको अध्यक्षतामा ५१ सदस्यीय नयाँ राष्ट्रिय समिति चयन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा मोतीराम फुयाँल, खुल्ला उपाध्यक्षमा अमल राई, नारायण पौड्याल तथा महिला उपाध्यक्षमा अञ्जु गौतम चयन हुनुभएको छ ।

यसैगरी प्रदेश उपाध्यक्षमा रोहिणीरमण दवाडी (प्रदेश न १), केशवराज पाठक (प्रदेश न.३), उमेश सापकोटा (प्रदेश न. ५), धर्मदत्त भट्ट(सुदूरपश्चिम), गण्डकी, कर्णाली र प्रदेश नं २ को उपाध्यक्षबाट प्रतिनिधित्व हुने युनियनले जनाएको छ ।

युनियनको महासचिवमा भोला चालिसे, उपमहासचिवमा भवानी पर्याजुली, अर्थ उपमहासचिवमा सुधीर झा, सचिवमा दीपक गौतम र र

सामान्य ज्ञान २१

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नु हुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. सय भाई कौरवहरुकी एक मात्र बहिनी को थिइन् ?
२. कुन देवताले ब्रम्ह जीका ५ वटा शीर मध्ये एक शीर छेदन गरेका थिए ?
३. शिखहरुका आराध्य देवता को हुन् ?
४. बौद्धधर्मको धार्मिक ग्रन्थलाई के भनिन्छ ?
५. युग सापेक्ष वैज्ञानिक धर्मको रुपमा कुन धर्मलाई चिनिन्छ ?
६. जैन धर्मको धार्मिक ग्रन्थलाई के भनिन्छ ?
७. दानवहरुका गुरु शुक्राचार्यकी पत्नी जयन्तीका पिता को थिए ?
८. रामकी बहिनीको नाम के थियो ?
९. भगवान रामचन्द्रको निवासलाई के भनिन्छ ?
१०. भगवान बुद्धलाई मार्न खोज्ने व्यक्तिको नाम के थियो ?
११. राजा जनकको वास्तविक ना के थियो ?

उत्तर

१. दःशला, २ भगवान शीव, ३. गुरु नानक, ४. त्रिपिटक, ५. बौद्ध धर्म, ६. वचनामृत, ७. देवराज यन्द्र, ८. शान्ति, ९. साकेत, १०. देवद र ११. शिरध्वज

विपद् र मानवअधिकार

- कल्पना नेपाल (आचार्य)

कुनै भौगोलिक क्षेत्रभित्र निश्चित अवधिमा हुने अप्रिय घटनाजस्तै बाढीपहिरो, हिमपहिरो, ज्वालामुखी विस्फोट आदिलाई प्राकृतिक प्रकोप वा विपद् भनिन्छ । यस्ता प्रकोपले वातावरण र जनधनको क्षति हुन्छ । यसले आर्थिक, भौतिक र सामाजिक क्षेत्रमा असर पार्छ । विपद् र मानव(अधिकारका घटक एक अर्कोमा अन्तर निहित हुन्छन् ।

मानवअधिकार भनेको सम्मानित तथा मर्यादित जीवन जिउन पाउनु हो । यसमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकअधिकारले पूर्णता पाएको हुन्छ । यसलाई मानिसले जन्मसिद्ध प्राप्त गर्ने अधिकार भनिन्छ । मानवअधिकारको पूर्ण प्रत्याभूति हुनु नै मानवविकास हो । यसमा सहभागिता, समानता, समता, अविभेद, अर्थपूर्ण सहभागिता, अभिभाज्यता, सङ्कटाभिमुख समूहको प्राथमिकीकरणजस्ता मानवअधिकार का सिद्धान्त पालना गरिएको हुन्छ ।

मानवअधिकारलाई केन्द्रबिन्दुमा नर ाखिएको विकासले विपद्मात्र निम्ताउँछ । यसले असहज परिस्थितिको सिर्जना गर्दै मानव जीवनलाई दुःखदायी बनाउँछ । मानवले गरेका क्रियाकलाप विपद् जोखिम न्यूनीकरण गर्ने खालका नभएका कारण त्यसको सम्पूर्ण असर मानव जीवनमा पर्ने भएकाले यिनीहरू अन्तरसम्बन्धित विषय हुन् । विभिन्न अध्ययनले नेपाल विश्वमा भूजोखिमका दृष्टिबाट २०औँ स्थानमा रहेको दर्शाएका छन् । त्यस्तै जलवायु परिवर्तनका जोखिमबाट नेपाल चौथो स्थानमा रहेको पाइन्छ । भूकम्पीय दृष्टिले ११औँ र बाढीका दृष्टिले ३०औँ स्थानमा नेपाल रहेको छ ।

सूचना प्रविधिको यस युगमा हाम्रा विकास निर्माणका क्रियाकलाप विपद् लाई सामना गर्ने खालका छन् वा छैनन् विश्लेषण गर्नु जरुरी छ । विकासलाई अगाडि बढाउन मा(नवलाई केन्द्रबिन्दुमा राख्नु पर्ने हुन्छ । नवीनत्तम प्रविधिले भित्रिएका अवसरले मानव विकासमा समस्याका साथै चुनौती पनि थप्ने गरेको छ । आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षणबीचको अन्यो न्याश्रित सम्बन्धबाटै दिगो विकास सम्भव हुने हुँदा वातावरण ह्रासका कारण मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिकवस्तु माथि हुनसक्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न सक्दो मात्रामा काम गर्नुपर्छ ।

विकासका उपलब्धि लामो समयसम्म टिक्ने खालको अडिलो र भरिलो हुनु आवश्यक छ । मानवअधिकारको संर क्षण गर्दै विपद् जोखिम न्यूनीकरणमै त्री विकासमा जोड दिनु आवश्यक हुन्छ । यसैगरी न्यायपूर्ण समाजको निर्माणका लागि सबै जाति, वर्ण, लिङ्ग, भाषा, वर्ग, क्षेत्रको सहभागिताका साथै सबैको पहुँच, प्रतिनिधित्व र पहिचानमा समेत जोड आवश्यक छ । प्राकृतिक स्रोतको समुचित तथा दिगो रूपमा परिचालन गरी व्यवस्थित तरिकाले मानवअधिकारको संरक्षण गर्नुपर्नेछ । वनविनास, जनसङ्ख्या वृद्धि, अव्यवस्थित बसाइसराइ जस्ता क्रियाकलापले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले ह्रास आई खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो र महामारीजस्ता समस्या मानवले बेहो र्नु परेको छ ।

राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धन गरी पूर्वाधार विकास निर्माण गर्दा वनजङ्गलको संरक्षण गर्दै हरियाली विकासमा जोड दिनु अति आवश्यक छ । विपद् आफैँमा असामान्य अवस्था हो । यस्तो अवस्थामा राज्यको भूमिका बढी हुन्छ । तथापि ठूलो विपद्मा र ाज्यको क्षमता कम हुनसक्छ । यसर्थ अवस्था हेरी विपद् व्यवस्थापनमा अन्य गैरसरकारी र दातृनिकायको सहयोगको आवश्यक रहन्छ । यसरी मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि राज्यमात्र नभई सबै निकाय जिम्मेवार बन्नुपर्छ ।

विपद् जोखिम न्यूनीकरण गर्न थुप्रै र ाष्ट्रिय ऐन, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनाका साथै सेन्डाइ कार्य ढाँचालगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि छन् । यिनको प्रमुख उद्देश्य विपद् जोखिम न्यूनीकरण गरी मानवअधिकार संरक्षण गर्नु हो ।

नेपालको संविधानको अनुसूची ७ मा सङ्घ र प्रदेशको साझाअधिकार सूचीमा विपद्का बारेमा उल्लेख गरिएको छ । त्यस्तै गरी अनुसूची ८ मा स्थानीय तहको एकलअधिकारको सूचीमा यो विषय उल्लेख छ । सङ्घ, प्रदेश र स्था(नीय तहको साझाअधिकारको सूची, अनुसूची ९ विपद् व्यवस्थापन उल्लेख छ । त्यसैगरी राष्ट्रिय विपदप्रति कार्यको कार्य ढाँचामा विषयगत मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिकामा प्रकाश पारि एको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति २०७५, विपद् जोखिम न्यूनीकरणसम्बन्धी र ाष्ट्रिय रणनीतिक कार्ययोजनामा सबै निकायको भूमिका उल्लेख छ ।

मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रियरूपमा नीतिगत, संस्थागत व्यवस्था, दिगो विकासका लक्ष्यहरू भए पनि यी नी(तबीच तालमेल मिल्न नसकेको जस्तो देखिन्छ । हरेक वर्ष तराईमा बाढीले जनधनमा क्षति पुग्छ । यो थाहा हुँदाहुँदै पनि राज्यले सङ्कटको नजिक रहेको बासस्थानलाई व्यवस्थित तरि काले राख्न नसकेको तीतो यथार्थ छ । गरिबी, अशिक्षा, पूर्व अभ्यासलगायत सूचनामा पहुँच नहुनुले विपद् ल्याउने र जटिल बनाउने गरेको छ । नीति, नियमको पालना नहुनुले दुर्घटना बल्झाएको छ । त्यसैगरी भिरालो जमिनमा बसोबास, नदी किनारका बस्ती, मापदण्ड विपरीतका संरचना, गगनचुम्बी भवन पनि जोखिम बढा(उने आधार हुन् ।

राजधानीमा आगलागी भएमा १० तलामाथि पुग्न सक्ने क्षमता नरहेका दमकल सेवा छन् । मानिस हिँड्नसमे त गाह्रो हुने साँगुरा गल्ली छन् । बस्ती नजिक ईट्टा भट्टा र अन्य रसायनिक उद्योगहरू छन् । यसको प्रत्यक्ष मार मानव जीवनमा पर्छ । वातावरणको विनासले विपद्बाट थप क्षति बेहोर्नु परिरहेको छ ।

विपद् पूर्वको तयारीमा मानवल(ाई केन्द्रबिन्दुमा राखेर विपद् जो खिम न्यूनीकरणमा बनाइएका नीति, नियमहरू आवश्यकताका आधार मा बनाइनुपर्छ । भए गरेका नीति, नियमको पालना गर्नुपर्ने हुन्छ । विपद् को अवस्थामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गतालाई विशे ष प्राथमिकता दिएर प्रतिकार्य तथा पुनर्लाभको अधिकार सुनिश्चित गर्नुपर्छ । विपद्को बेलामा गलत फ(ाइदा उठाउने गिरोहले बालबालिका, महिलाहिंसा, मानव बेचबिखनलग(ायतका क्रियाकलाप बढाउने भएकाले सरोकारवाला निकायहरूले यसतर्फ विशेष चनाखो बन्नुपर्ने हुन्छ ।

राहतमा वितरण गरिएका खाद्य(ान्न गुणस्तरहीन, म्याद गुज्रिएका, अखाद्यवस्तु मिसाइएका हुन सक्छन् । वितरण गरिएका सामाग्री आवश्यकत(ामा आधारित भए, नभएको अनुगमन गर्नुपर्ने हुन्छ । यसतर्फ ध्यान पुऱ्याउनु जरुरी छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा मानवअधिकार मै त्री संस्कृतिलाई केन्द्रबिन्दुमा राख्नुपर्छ । विपद् बहुआयामिक विषय भएक(ाले हरेक विकासका क्रियाकलापमा यसलाई मूलप्रवाहीकरण गर्नुपर्छ । घर परिवार टोल समाज, स्थानीय तह हुँदै राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तहसम्म यसको बुझाइमा एकरूपता चाहिन्छ । विश्वव्यापीरूपमा उठेका सवाल(लाई स्थानीयकरण गरी अगाडि बढ्न सकेमा मानवअधिकार सुनिश्चित गर्न सकिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा मानवअधिकारका विषयलाई समेट्न सक्नु नै आजको आवश्यकता हो ।(गो.प.अनलाइनबाट)

कथनी र करनी

- लीला लुइटेल

काठमाडौँ – जनसंख्याका दृष्टिले विश्वकै दोस्रो ठूलो देश भारतमा हुने गरेका गर्भपतनमध्ये ९९ प्रतिशत भ्रूण छोरीको रहेको पाइएको छ । यसखाले जघन्य अपराधले जनसंख्याको सन्तुलनमा नकारात्मक असर परेको स्थिति ठाउँ-ठाउँमा दे खिन थालेपछि सरकारले 'बेटी पढाओ, बेटी बचाओ' भन्ने कार्यक्रम ल्यायो । यसै योजनाबाट प्रभावित भएर वा स्वविवेकले जसरी गरिएको भए पनि अहिले नेपालका विभिन्न क्षेत्रमा यो नारा अघि सारिएको पाइन्छ । सरकारी एवं गैरसरकारी विभिन्न क्षेत्रमा यस नाराले ठूलै स्थान पाउन थालेको दे खिन्छ । अकोर्तिर छोरीको संख्या कम हुँदा बुहारी नै पाइन छाडेपछि विर ाटनगरका मारवाडी महिलाले 'बेटी बचाऔं, बेटी पढाऔं' अभियान थाले को जानकारी पाइन्छ ।

यो नारा र कार्यक्रमको उद्देश्य समा(जमा विद्यमान लैंगिक विभेद हटाउनु र छोरीप्रति भएका अन्याय अन्त्य गरी सभ्य समाज स्थापित गर्नु रहेको छ । निश्चय पनि यो सराहनीय कदम हो । यस्ता आकर्षक कार्यक्रममा आआफ्नोठाउँबाट सकेको योगदान दिनु प्रत्येक नागरिकको कर्तव्य हो । समाजलाई सभ्य एवं समतामूलक बनाउने हो भने लहैलहैमा लागेर आकर्षक नाराको पछि लाग्नुको साटो समस्याको चुरो पहिल्याउन हामी सचे त हुनुपर्छ । झट्ट हेर्दा यस्ता आकर्षक नारा जति सुन्दर लाग्छन्, त्यति नै यसको मूलजडप्रति कसैको ध्यान गएको पाइँदैन । यस्तानारा हाम्रो समाजमा मानवजातिको हितका लागि भन्दा क्षणिक लोकप्रियता हासिल गर्ने अभीष्टले प्रेरित देखिन्छ ।

अहिले प्राप्त यान्त्रिक सुविधाले छोरी भए भ्रूणमै नष्ट गर्ने समस्याको मूल जड हाम्रो समाजमा विकराल रूपमा रहेको दाइजो एवं तिलक आतंक नै हो जसले गर्दा स्वयं जन्मदातृ आमासमेत भ्रूण पहिचानेर छोरी भए नष्ट गर्न बाध्य देखिन्छन्, बाध्य बन(ाइएका छन् ।

स्थानीय विकासमा नागरिक स्वामित्व र सहभागिता

- चम्फासिंह भण्डारी

अहिले देशमा स्थायी सरकार निर्माण भएको छ । सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय सरकारहरू विकास अभियानमा संलग्न भएका छन् । 'समृद्ध नेपाल, सुखी नेपाली' मुख्य नाराका साथ जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरू आआफ्नो स्तर बाट विकास र आर्थिक समृद्धिमार्फत आम नेपाली नागरिकहरूको जीवन सहज बनाउने प्रयास र प्रयत्नहरू अघि बढिरहेका छन् ।

योजनाबद्ध विकास सुरु भएको झण्डै ६ दशक भयो । तर विकासलाई बुझ्ने, कसले गर्ने, विकासका उपभोक्ता र दिगो विकासका बारेमा साझा दृष्टिकोण बन्न सकेको छैन ।

कोही सुशासनलाई विकासको आधारशिला मान्छन् भने कोही अरूले गरिदिने विषय ठान्छन् । कोही नागरिकहरूको विकासमा सहभागिता किन चाहियो ? भन्ने सवाल खडा गर्छन् । विकास अरूले गरिदिने विषय होइन । आम मानिसहरूको जीवन सहज बनाउनका लागि विकास आवश्यक पर्छ । आम नागरिकहरूको सहभागिता र स्वामित्वबिना विकास सम्भव छैन भन्ने विषय पनि सँगसँगै उठ्ने गर्छ ।

सामुदायिक सुशासनबिना भ्रष्टाचार रोकिँदैन । विभिन्न तरिकाले जानी नजानी, यो वा त्यो बहानामा आम नागरिक तहमा पनि सरकारी पैसा न हो, कसैले घरबाट दिएको पैसा होइन, उपभोक्ता समितिमा सहभागिता भनेको कमाउनु हो जस्ता सोचको वृद्धि अहिले स्थानीय तहमा हुँदै गएको पाइन्छ । यस्ता सोचले भ्रष्टाचारलाई संस्थागत गर्न लागि योगदान गरिरहेको छ ।

मानिसहरूको संस्कार, पद्धति, मूल्य मान्यता र विचारबाट उत्पन्न हुने विषय हुन । हरेक मानिस कम्तीमा आफू सादगी बन्ने, श्रममा विश्वास र त्यसको सम्मान गर्ने, उत्पादन प्रणालीसँग आबद्ध हुने, अधिकार र कर्तव्यप्रति सचेत हुने र सरकारी पैसा हरेक नागरिकले तिरेको करबाट जम्मा हुने रकम हो । स्रोतहरूको पहिचान, संरक्षण र उपयोग गर्दै सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ भन्ने सोचको विकाकास गर्न सके विकासका लागि स्थानीय स्तरमै पर्याप्त स्रोतहरू जुट्न सक्छ । विकास आफ्नो जीवनको सहजताका लागि आफैले गर्ने हो भन्ने धारणा हरेक नागरिकले बनाउन सक्ने हो भने विकास र समृद्धिका लागि अर्को धेरै दशक कुर्नु पर्दैन ।

सामुदायिक विकासका लागि प्रतिबद्ध थोरै मात्र जनशक्ति निर्माण र परिचालन गर्न सक्ने हो भने विकास प्रक्रियामा धेरै ठूलो योगदान गर्न सक्छ । यही मूल मान्यताका साथ सहकर्मी समाज सुखेँतले सामुदायिक सहजकर्ता निर्माण गर्ने उद्देश्यले 'आधारभूत सामुदायिक विकास तालिम' सञ्चालन गर्ने गर्छ । १५ देखि २२ दिनसम्म आवाशीय रूपमा राख्ने, तालिमका सहभागीहरूले आफै टोली निर्माण गरेर सामूहिक रूपमा खाना पकाएर खाने, दिनभरी विभिन्न विषयमा छलफल, बहस र अन्तर्क्रियामार्फत सामुदायिक विकासका सन्दर्भमा ज्ञान, सीप र क्षमता प्राप्त गर्ने गर्छन । अहिले यो तालिम सुखेँतको वीरेन्द्रनगरस्थित अन्तरनिर्भर समाज सामुदायिक स्रोत केन्द्रको भवनमा सञ्चालनमा रहेको छ ।

सहभागीहरूले एकापसमा मिलेर काम गर्ने अभ्यासको थालनी गर्दै प्रौढ सिकाइ व्यवस्थापन सँगै सामाजिक रूपान्तरणका लागि सहजीकरण प्रक्रियामा धेरै दिन बिताउँछन् र अन्त्यमा उनीहरू सामुदायिक विकास अभियानमा संलग्न हुने प्रयास गर्छन् ।

विकास प्रक्रिया र दिगोपना, भौतिक र मानवीय विकासको सन्तुलन, सहजीकरण, आफ्नो व्यवहार विश्लेषण र आत्म विश्लेषणको पाटो मा निखार ल्याउँछन् । सिकाइ व्यवस्थापन, विकास भित्ते पत्रिका, लैङ्गिक तथा सामाजिक समावेशीकरण, सामुदायिक सुशासन, सरकारका नीति कार्यक्रम, वैयक्तिक स्वतन्त्रता, मानवअधिकार, आर्थिक सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण गर्दै शक्ति र शक्ति सिर्जनाका लागि समुदायमा आधारित नागरिक सङ्गठन निर्माण तथा परिचालन प्रक्रिया जस्ता विषयमा पर्याप्त विश्लेषण गर्छन् ।

हरेक मानिससँग ज्ञान, सीप र क्षमता छ । त्यसलाई निखार्न उचित वातावरण आवश्यक पर्छ । यो मान्यतामा आधारित रहेर आलोचनात्मक विश्लेषण क्षमताको विकास गर्नुपर्छ । यसलाई सामुदायिक रूपान्तरणको प्रक्रियाको अवलम्बन गर्ने दिशामा आफूलाई तयार गर्छन् ।

मानिसहरूका बीचमा हुने यस्ता सामूहिक अभ्यासले विकास के हो ? यो किन चाहिन्छ ? विकास कसले गरिदिनुपर्ने हो ? विकास कसरी दिगो हुन सक्छ ? भन्ने प्रश्नको चेतना आम नागरिकसम्म पुर्याउनुपर्छ । जनसहभागिता र जनताको आवश्यकतामा आधारित, स्थानीय सीप, ज्ञान र स्रोतको प्रयोग गर्दै विकासमा मानिसहरूको स्वामित्व प्रदान गर्ने नयाँ अभ्यासको थालनी भएको मान्न सकिन्छ ।

मानिसहरू सङ्गठित भई एकापसमा मिलेर कामकाज गर्ने, एकताबद्ध रूपमा साझा सवालहरूमा छलफल गर्ने, मेलमिलाप, ऐचोपैँचो, सरसहयोग, साझेदारी नेतृत्वको विकास र परिचालन, समस्याहरूको पहिचान र समाधानका विकल्पहरूको खोजी, स्थानीय स्रोतहरूको खोजी र अधिकतम परिचालनको योजना बनाउने र मानिसको जीवनमा रहेका असहजता, अप्ठ्यारोहरूलाई कसरी सहज र सरल रूपमा समाधान गर्न सकिन्छ भन्ने कुराको खोजीले विकासलाई प्रभाव पार्छ ।

विकास अरूले गरिदिने होइन, यो त आफै आफ्ना लागि गरिने स्थानीय प्रयास हो भन्ने अर्को मान्यता पनि छ । विकासको सन्दर्भलाई बुझ्ने, त्यसमा आम उपभोक्ताहरूको अर्थपूर्ण सहभागिताको माग गर्ने गर्नुपर्छ । अर्थपूर्ण सहभागिताको अर्थ कुनै पनि समस्याको पहिचान, त्यसको समाधानका विभिन्न विकल्पहरूको खोजी गर्दै प्राप्त भएका विभिन्न विकल्पहरूबाट आफैले सहज रूपमा सम्पन्न गर्न सक्ने अवस्था विद्यमान रहन्छ ।

स्थानीय स्रोत साधनको प्रयोगबाट सम्पन्न गर्न सकिने खालको योजना निर्माण गर्ने, त्यो योजना कार्यान्वयनमा आफै सहभागी हुने, सम्पन्न भएपछि त्यसको मूल्याङ्कन गर्ने जिम्मा स्थानीय तहलाई जिम्मा दिन जरुरी पर्छ । त्यसबाट सिक्दै जाने तरिकाले गरिएको विकासमा स्थानीय उपभोक्ताहरूले स्वामित्वबोध हुनपुग्छ र यस्तो विकास दिगो हुन्छ ।

मानिसहरूलाई उनीहरूभित्र रहेको ऊर्जाशीलताले सिंचित गराउनका आवश्यक छ । मानिसभित्र शक्ति छ, ऊर्जा छ र उनीहरूले गर्न सक्छन भन्ने कुरा सजिलै उनीहरूलाई मनाउन गाह्रो त छ तर असम्भव भने छैन । काम गर्दै जाँदा, छलफल विश्लेषण गराउँदै जाँदा मानिसहरू आफ्नो शक्तिलाई चिन्न थाल्छन । आफू र आफ्नो समुदायका बारेमा विश्लेषण गर्दै व्यक्तिमा अन्तरनिहित क्षमता चिन्न थाल्छन् । अनि विस्तारै गरे सकिन्छ भन्ने विश्वास जाग्न थाल्छ । त्यसपछि उनीहरू एक्लै होइन, सामूहिक रूपमा, सङ्गठित रूपमा कामको थालनी गर्न थाल्छन् ।

आफ्नो विकास आफै भन्ने सकारात्मक सोच र चिन्तनको विकाससँगै मानिसहरूले आफ्नो घर अगाडिको खाल्डो पुर्न, बिग्रिएको धारा मर्मत गर्न, पानीको कुवा सफा गर्न, बाटो र घर आँगन सफा गर्न र आफूले दिसा गर्ने चर्पी निर्माण गर्नका लागि गाविस नगरपालिकाको बजेट चाहिने अवस्थाबाट मुक्त हुन थाल्छन् र आफै काम गर्नका लागि तयार भएका थुप्रै उदाहरण छन् । स्थानीय समुदायका समस्याहरूको पहिचान विश्लेषण र विकल्पहरू खोजी खोलामा बाँसको पुल निर्माण गर्ने, बाटोको खाल्डो पुर्नका लागि माटो भर्ने वा ग्राभेलिङ गर्ने, घरमा चर्पी निर्माणका खाल्डो निर्माण गरी काठका प्यानहरू राख्ने, नाली खन्ने, सामुदायिक समूहका घरहरू निर्माण गर्ने जस्ता कार्यमा जनसहभागिता बढ्न थालेको छ । विद्यालयको सरसफाइ, विद्यालयमा अभिभावक, विद्यार्थी, शिक्षकका बीचमा अन्तरक्रिया गरी विद्यालयको पढाइमा सुधार गर्ने कार्य पनि सामूहिक रुपमा हुन थालेका छन् । सामुदायिक वनहरूको निर्माण तथा वृक्षरोपण, धाराको मर्मत, कुवा मर्मत तथा सरफाइ, तरकारी खेती, नगदे बाली, बाखा, कुखुरा, बंगुरपालन, गाईपालन जस्ता कामहरू मार्फत स्थानीय समुदायको जीविकोपार्जनमा सहजता ल्याउने कुरामा उनीहरू दृढतापूर्वक लागेका छन ।

स्थानीय समुदाय आफैले सामुदायिक समूहमा बचत सङ्कलन गर्ने, सदस्यहरूलाई विभिन्न आयआर्जनका क्षेत्रमा न्यून ब्याजमा ऋण लगानी असुली गर्ने जस्ता कामहरूबाट धेरै समुदायका मानिसहरूले घुम्तीपसल, चमेना पसल, विभिन्न पशुपक्षीपालन गरेर जीविकोपार्जनलाई सहज बनाउने अभ्यास गरेका छन् । उनीहरू आफैले आफ्नो बचत नै परिचालन गरेर काम गरेकाले इमानदारिता छ, काम गर्ने जोश र जाँगर छ । सिकेका अनुभव सिकाइहरूको आदान प्रदान गर्ने कामले उनीहरूमा एउटा विश्वास सिर्जना भएको छ ।

विकासका भौतिक पूर्वाधारहरू निर्माणका लागि स्थानीय स्रोतहरू मात्रै पर्याप्त नहुन सक्छन् तर स्थानीय स्रोतको पहिचान र परिचालनबाट नहुने वा नपुग्ने स्रोतका लागि मात्रै बाह्यस्रोतको खोजी गर्नुपर्छ । सबै स्रोतसाधन सरकार वा अन्य सङ्गसंस्थाले दिएपछि मात्रै विकास गराँैला भन्ने चिन्तनबाट मुक्त नभएसम्म विकासले गति लिन सक्दैन । त्यस्तो विकास दिगो पनि हुन सक्दैन ।

विकासका लागि सबैभन्दा पहिले मानवीय विकास आवश्यक छ । मानिसका चिन्तन, धारणा र विचार मा परिवर्तन नआएसम्म गरिने भौतिक पूर्वाधारको विकासले दिगोपना ल्याउन सक्दैन ।

यिनै मान्यतालाई आत्मसाथ गरेर सामुदायिक समूहमा सङ्गठित मानिसहरू अघि बढिरहेका छन् । विकासका लागि स्थानीय रूपमै पर्याप्त सोतसाधन छन् । आवश्यकता छ, समस्याको ठीक पहिचान, विश्लेषण र उपयुक्त विकल्पको छनौट गर्नु आवश्यक छ । (रातोपाटीबाट)

आविष्कार भए उन्नति

- नारायण घिमिरे(इकान्तिपुर)

काठमाडौँ – संसारमा मुख्यतः दुई प्रकारका अनुसन्धान हुन्छन् । एउटा, कुनै पनि विषयमा खोज्ने तर त्यसको निष्कर्ष केमा सदुपयोग गर्ने भन्ने सोचाइ नराख्ने प्राज्ञिक (सैद्धान्तिक) अनुसन्धान । अको , पहिचान गरिएको समस्या सुल्झाउने उद्देश्यले गरिने व्यावहारिक (एप्लाइड) अनुसन्धान । सैद्धान्तिक अनुसन्धानमा सफल देखिएका धेरै अनुसन्धानका नतिजालाई हाताहाती प्रतिफल दिनेगरी व्यावसायिकीकरण गर्न सकिन्न ।

सामाजिक सञ्जालको विकाससँगै संसारमा नयाँ-नयाँ अनुसन्धानमात्र भएका छैनन्, संसारलाई रातारात ती कुरा थाहा पाउने अवसर मिलेकाले बजार माग दिनदिनै परिवर्तन भइरहे को छ । बदलिँदो बजार माग अनुसार तत्कालआफ्ना उद्योगको उत्पादन परि वर्तन गर्न नसक्ने प्रायः सबै उद्योग बजारबाट विस्थापित भएका छन् ।

हिजो तपाईंको छिमेकीमात्र प्रतिस्पर्धी थियो भने आज संसारको कुनै कुनाको नामै नसुनेको प्रतिस्पर्धीसँग तपाईंले बजार प्रतिस्पर्धा गरिरहनुपरेको छ । आजको बजार व्यवस्थामा तिनैमात्र सफल हुन सक्छन्, जसको आफ्नै व्यावहारिक अनुसन्धान र आविष्कार (इनोभेसन) निकाय छ । व्यावहारिक अनुसन्धान निकाय जसले 'बडी अफ नलेज बेस्ड इन्कुबेसन सेन्टर'सँग 'को-क्रिएसन'मा काम गर्छ ।

विश्वको मान्यता के छ भने तपाईंले आजको युनिभर्सिटी मोडलमा व्यावहारिक अनुसन्धान गर्नुभयो र प्राज्ञिकहरूले अब्बल भनी दावी गने सार्वजनिक-निजी साझेदारी मोडल अपनाउनुभयो भने पनि एक हजार डलर मूल्य बराबरको अनुसन्धानका निष्कर्षलाई व्यावसायिकीकरण गर्न १ दे खि १० मिलियन डलरसम्म लाग्छ । तै पनि त्यो व्यावसायिकीकरणले तपाईंको लगानी उठाउँछ भन्ने निश्चित गदै न । त्यो खर्च न आजको दैनिक परि वर्तनशील बजार प्रणालीले धान्न सक्छ, न त व्यावहारिक नै छ ।

आज विश्वमा परम्परागत सार्वजनिक-निजी-साझेदारी मोडललाई को-क्रिएसन मोडलबाट प्रतिस्थापन गरिएको छ । को-क्रिएसन मोडलले तत्कालीन अवस्थामा उपलब्धमध्ये सबैभन्दा सस्तो तर सबैभन्दा उच्च गुणस्तरमा अनुसन्धानका निष्कर्षलाई व्यावसायिकीकरण गर्ने निश्चित गर इउँछ । त्यसकारण आज संसारका ठूलठूला उद्योगहरू सहजै मुनाफा कमाई तत्कालै परिवर्तित बजारको माग पूर्ति गर्न सक्षम बनेका हुन् । त्यसरी सक्षम बनेका संस्थालाई 'इनोभेटिभ' कम्पनी भनिन्छ ।

नेपाल जस्तो मुलुकको विकासका लागि स्थानीय कच्चा पदार्थ र श्रममा आधारित उद्यमशीलतामार्फत हाताहाती प्रतिफल दिलाउन सक्ने धेरै 'इनोभेटिभ कम्पनी' र संस्थाहरूको स्थापना हुन जरुरी छ । 'इनोभेटिभ' कम्पनी र संस्था स्थापनाकोअनिवार्य पूर्वाधार भने को नेपालस्थित प्राविधिक शिक्षालय, विश्वविद्यालय र अन्य अनुसन्धान संस्थाले 'इनोभेटिभ कम्पनी' र संस्थाका लागि पर्याप्त दक्ष तथा अर्धदक्ष जन(शक्ति उपलब्ध गराउन सक्नु हो ।

प्रदेश र केन्द्रीय निर्वाचनले सत्ताम(ात्र हैन, पूरै प्रणाली नै परिवर्तन गर एको छ । प्रधानमन्त्री केपी शर्मा ओ लीले राष्ट्रसामु सार्वजनिक रूपमा तीन कुरा राखेका छन् । पहिलो- हाम्रो शिक्षा जसले पढेको हो, उसको आफ्नै उत्थ(ानका खातिर त भएन-भएन, जीविको पार्जनका लागिसमेत पीडादायी बनिरहे को छ ।

दोस्रो- हाम्रा विश्वविद्यालयहरूले राज्यकोषबाट विशाल धनराशि लिँदै सीमित घेरामा रहेर असीमित प्रतिभा बोकेका विद्यार्थीहरूलाई असफलको दर्जा दिँदै राष्ट्रको लगानी, विद्यार्थीको सम्भावना र अभिभावकको सपनामा तुषारापात गरिरहेका छन् । विद्यार्थीलाई पढाइका नाममा आईए, बीए र एमए डिग्रीधारी साक्षरमात्र साबित गरिरहेका छन् ।

तेस्रो- हाम्रो शिक्षाकै कारण प्राकृतिक रूपमा वरदान प्राप्त नेपाल ठगिएको, मानव बस्तीका लागि पूर्ण प्रतिकूल प्रकृतिबीच आफूलाई समृद्ध बनाएका इजरायल र खाडीमा गएर सस्तो श्रमिकका रूपमा जीविकोपार्जन गर्नुपने बाध्यता लादिएको छ । परम्परागत रूपमा तीक्ष्ण प्रतिभा बोकेका पुर्खाको ' जिन' भएका नेपाली विद्यार्थी असाधारण सिर्जनशीलता बोकेका मात्र होइनन्, आफ्नो रुचि अनुसारको व्यावहारिक ज्ञान लिने अवसर पाए विकासमा कायापलट गर्नसक्ने सम्भावना बोकेका धरोहर हुन् ।

आविष्कारको पूर्वाधारको सबैभन्दा पहिलो वैज्ञानिक सर्त भनेको प्राविधिक शिक्षालय र विश्वविद्यालयमा बजार मुखी पाठ्यक्रम उपलब्ध हुनु हो । बजारमुखी पाठ्यक्रमको अर्थ पाठ् यक्रममा परिवर्तित 'बडी अफ नले ज'को ज्ञान संलग्न भएको हुनु हो । ठूला धनराशि खर्चेर पटक-पटक परि वर्तन भएका हाम्रा प्राविधिक शिक्षालय र विश्वविद्यालयहरूको पाठ्यक्रम आज पनि कम्तीमा ८० वर्षभन्दा पुरानो ' बडी अफ नलेज'मा आधारित भएको सहजै अनुमान लगाउन सकिन्छ ।

आज संसारका विश्वविद्यालयहरू बढीमा १० वर्ष पुराना र प्राविधिक शिक्षालय बढीमा ५ वर्ष पुराना 'बडी अफ नलेज'मा आधारित पाठ्यक्रम आफ्ना विद्यार्थीलाई सिकाइरहेका छन् । हाम्रा प्राविधिक शिक्षालय र विश्वविद्य(ालयले दशकौंदेखि अध्यापन गराइरहेका आयातीत ज्ञान लादिएका, नाम मात्रका प्राविधिक, स्थानीय उद्यमशीलताको विकासमा प्रतिकूल ८० वर्षभन्दा पुर ानो 'बडी अफ नलेज'मा आधारित पाठ् यक्रमले विद्यार्थीलाई डिग्रीधारी साक्षर बाहेक अरू बनाउन सक्ने अवस्था नै थिएन ।

पटक-पटक विज्ञान तथा प्रविधि नीति, संस्थाको व्यवस्थापन, संस्थागत संरचना, भौतिक पूर्वाधार र व्यवस्थापनमा सुधार प्रयास भएकै हुन् । शिक्षामा अग्रगामी छलाङमार्फत सुधार या क्रमभंगताका लागि गठन गरेका विभिन्न आयोग र समितिले सरकारलाई सुझाव दिने क्रम जारी छ । कतिपय सुझाव सरकारले प्राप्त गरिसकेको छ भने कतिपय अन्तिम अवस्थामा पुगी सरकारको हाता लाग्दैछन् ।

आयोग र समितिहरूले सुझाएका अग्रगामी भनिएका ती सुझावमा समेत पुरानै सोचाइ, तरिका, पारा र पद्धतिको पुनरावृत्ति देखिन्छ । पुरानै सोचाइ, तरि का, पारा र प्रणालीले नयाँ परिणाम दिन नसक्ने निश्चित छ । शिक्षामा अग्रगामी छलाङमार्फत क्रमभंगता सुरु गर्ने सपना देखाएर पेस गरिएका, गर्वका साथ सञ्चार माध्यममा प्रस्तुत गरिएका त्यस्ता सुझाव चुरो कुरामा पुगेकै भे टिन्नन् ।

भेटिन्छ त केवल प्राविधिक व्यवस्थापन, संरचना र सञ्चालन प्रक्रियामा हेरफेरका लागि सुझाव । त्यस्ता सुझाव अक्षरशः लागू हुँदा हिजो डिग्रीधारी साक्षर कहलिएकाहरू भोलि प्राविधिक डिग्रीधारी साक्षरमात्र कहलिनेछन् । तिनले मुलुकको विकासका लागि सीपमूलक तालिम र बजारमुखी उद्यमशीलताको विकासमा खासै अर्थ र ख्नेछैनन् ।

मुलुकले कुल गार्हस्थ उत्पादनको ४ प्रतिशत शिक्षामा खर्च गर्छ । त्यो सार्क मुलुकमा उच्च मध्येमै पर्छ । तर आ(वष्कारमा सार्क मुलुकमै नेपाल पछाडि छ । इनोभेसन वा विकासका लागि ने पालको तत्कालको आवश्यकता भनेको सीपमूलक तालिम र बजारमुखी उद्यम(शीलताको हस्तान्तरण नै हो । त्यसबाट सरकारले गाउँ-गाउँमा प्राविधिक स्कुल भनी प्राविधिक शिक्षालाई अति महत्त्व दिएको प्रस्ट हुन्छ । प्राविधिक शिक्षालयलाई 'प्रविधि र विषय' दिनसक्ने 'बडी अफ नलेज' दिने इनो भेसनका इन्कुबेटर नेपालमै उपलब्ध हुन जरुरी छ ।

इनोभेसनका इन्कुबेटरहरूले प्राविधिक शिक्षालय र विश्वविद्यालयल(ाई स्थानीय बजारमुखी 'बडी अफ नले ज'मा आधारित पाठ्यक्रम विकास गर्न, आफ्ना विद्यार्थीलाई राष्ट्रिय र अन्तर्रा(ष्ट्रिय रूपमै प्रतिस्पर्धी बनाउन, आव(श्यक ज्ञान र सीप उपलब्ध गराउन र परिवर्तित प्रविधि र बजार माग अनुसार नियमित पाठ्यक्रम परिमार्जनमा सहयो ग पुर्‍याउँछन् ।

नयाँ ग्राजुएट, वैदेशिक रोजगार बाट ८-१० लाख लिई फर्केका र स्थानीय स्तरमै स्वरोजगार हुनचाहने, नयाँ पेसामा जान चाहने उद्यमीलाई उनीहरूको आवश्यकता अनुरूपको सीपमूलक तालिम प्याकेज विकास गरी उपलब्ध गराउन प्राविधिक शिक्षालयहरूलाई पनि तिनले सहयोग गर्छन् ।

मुलुकमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरूसँग को-क्रिएसनमार्फत उनीहरूको उत्पादन परिवर्तित बजार को माग पूर्ति गर्न सक्षम र गुणस्तर लाई अन्तर्राष्ट्रिय बजारले ग्रहण गर्ने बनाउन सहयोगी भूमिका खेल्छन् । साथै विदेशी इन्कुबेटरहरूसँग उद्यमी तथा शिक्षालयहरूलाई जोड्ने काम गर्छन् ।

पानी मधेसको जीवनदायिनी

- तुलानारायण साह(इकान्तिपुर)

काठमाडौँ – गएको माघ १२ गते कान्तिपुरमा मधुकर उपाध्यायको 'पा(नीको कुरा पछि गरौँ' पढेपछि यो रचना आवश्यक ठानेँ। मधुकर उपाध्यालाई म गुरु मान्छु। २०६१र६२ सालतिर हामी एउटै संस्थामा काम गर्थ्यौँ। अजय दीक्षित, दीपक ज्ञवाली, सुधीन्द्र शर्मा, मधुकर उपाध्यायजस्ता पानीविज्ञहरू कुनै बेला एउटै संस्थामा कार्यरत थिए।

दिनरात पानीकै कुरा हुने। पानी व्यवस्थापनका अनेक आयामबारे हामी घन्टौँ गफिन्थ्यौँ। लेखमा एउटा तर कारी पसलको सामान्य लाग्ने संवाद (कागती किन्दाको प्रसंग) लाई जसरी मधुकर उपाध्याले पहाडी क्षेत्रको पा(नीको स्रोत व्यवस्थापनसँग जोडेका छन्, त्यसले मेरो मानसपटलमा मधेसका गाउँठाउँका अनेक प्रसंग ताजा भएर आए। ग्रामीण किसान परिवारमा जन्मे-हुर्केको मानिस, पानीबारे चाहेर पनि चुप रहन सक्दिनँ।

मधेसमा पनि उस्तै

पानीको स्रोत पहाडमा मात्रै होइन, मधेसमा पनि सुक्दै गइरहेको छ। मेरो जन्मघर सप्तरी जिल्लाको गोइठी गाउ(ँमा छ। हाम्रो घरको अगाडि लगभग सय वर्ष पुरानो पोखरी छ। टाँस्सिएकै अर्को पनि पोखरी छ। तर त्यो अलिक नयाँ हो। ती दुवै पोखरीमा नुहाउँदै, पौडी खेल्दै हुर्के-बढेको हुँ म। केही वर्ष अघिसम्म ती पोखरीहरूमा वैशाख, जेठ महिनामा मात्र पानीको मात्रा आधाजति घट्थ्यो। साउन, भदौको वर्षायाममा फेरि भरिन्थ्यो। गाउँभरिका गाईवस्तुका लागि पानी खाने, नुहाउने ठाउँ त्यही पोखरी थियो। ७२८ वर्ष अघिसम्म जाडो विदामा छोराहरूलाई लिएर घर जाँदा जहिले पनि पोखरीको त्रास मनमा खेलिरहन्थ्यो। बच्चाहरू खेल्दै गएर पोखरीको पानीमा डुब्ने त होइन ! एक त घरै अगाडि पोखरी, त्यसमाथि टन्नै पानी। तर हालका वर्षहरूमा ती पोखरीहरू चाँडै सुक्दारहेछन्। यस पटक पुस, माघ महिनामा हाम्रो पोखरीमा थोप्पै पानी थिएन। गाउँका मानिस गाई-गोरुलाई पानी खुवाउन पनि ट्युबवेलको भर पर्नुपरेको छ। भैँसी नुहाउन पनि ट्युबवेलकै पानी प्रयोग भइरहेको देखियो।

यो समस्या सप्तरी मात्रको होइन। हालै सप्तरीदेखि कपिलवस्तुसम्मको ग्रामीण भेग घुम्ने अवसर मिलेको थियो। मानवशास्त्री जनक राई सहितको हाम्रो टोलीले प्रायः हुलाकी सडक प्रयोग गरेको थियो। बाटामा देखिएका अधिकांश पोखरीमा कि त पानी थोरै देखिन्थ्यो कि सुकेका थिए।

कपिलवस्तु जिल्लाको महराजगन्ज नगरपालिकाको कार्यालय नजिकै रहेको पोखरीको डिलमा घर भएका जगदीश खटिक, गंगाराम खटिकसँग लामो कुराकानी गरेको थिएँ। पोखरीमा पानी थिएन। कारण सोध्दा यस वर्ष पोखर ीमा सुरुदेखि नै पानी कमै रहेकाले चाँडै सुकेको जवाफ पाइयो। वरिपरि खेत भएका किसानले गहुँबालीमा सिँचाइ गर्न पनि पाइएनछन्। केही वर्षयता पोखरीमा पानी चाँडै सुक्ने गरेको अन्य स्थानीय बासिन्दाहरूको पनि भनाइ थियो।

द्वन्द्वको बीउ पोखरी

मधेसी समाजमा पोखरीका अनेक उपयोग हुन्छन्। कृषिमा आधारित समाज भएका कारण लगभग हरेक घरमा गाई, गोरु, भैँसी पाल्नु सामान्य मानिन्छ। वस्तुभाउलाई पानी खुवाउन तथा नुहाउन पोखरीको सर्वाधिक उपयोग हुन्छ। मधेसका पुराना बस्तीहरू उत्तर-दक्षिण गरी बसेका हुन्छन्। प्रायः सडक पनि उत्तरबाट दक्षिण नै बनेका हुन्छन्। यसको मूल कारण पानीको बहाव हो। वर्षाको पानी उत्तरबाट दक्षिणतर्फ बग्ने भएकाले सडक त्यसको अवरोधक नबनोस्, बरु तटबन्धको काम गरोस् भन्ने उद्देश्य हुनुपर्छ। वर्षाको पानी सकेसम्म गाउँबस्तीमा नजमोस्, बरु पोखरीमा गएर जम्मा होस् भन्ने उद्देश्यले बस्तीपिच्छे पोखरीको निर्माण भएको हुनुपर्छ। मैले आफ्नो गाउँका बूढापाकाहरूबाट सुनेको कुरा यही हो। यही कारण नै हाम्रा पुर्खाले गाउँको पुछारमा पोखरी खनाएका थिए, जुन संयोगले हाम्रै घर अगाडि परेको छ।

मधेसतिरका पुराना बस्तीलाई गाउँ, ब्लकमा राखिएको थियो। नापी नगरिएकाले जग्गाधनीसँग त्यसको प्रमाणपत्र हुँदैन। अहिले पनि धेरैसँग छैन। हाम्रै टोलमा दुई वर्ष अघिमात्र गाउँ, ब्लकको नापी भएको छ। बस्ती विकाससँगै खनाइएका पोखरीहरूको नापी हुने कुरै थिएन। २००३ सालमा नापी खटिँदा खेतीयोग्य जग्गामात्र नापिएको थियो। पोखरी खनेकाहरूमध्ये कसै-कसैले नापी पनि गराएका थिए। तर त्यतिबेला एउटा ठूलो डर थियो। त्यो पोखरीमा डुबेर कसैको मृत्यु भयो भने पोखरी धनीलाई ज्यान मारेको मुद्दा लाग्थ्यो। त्यसैकारण धेरैले पोखरीको डिलमात्र नापी गराएका थिए, पानी जम्ने ठाउँको नापी गराएका थिएनन्। पोखरी खन्ने बेला गाउँका हुनेखानेले खर्च दिएका हुन्थे। तर पोखरी सार्वजनिक नै हुन्थ्यो। त्यतिबेला पोखरीको कमर्सियल महत्त्व थिएन।

व्यावसायिक माछा पालन गरिँदैन थियो। पछिल्लो समय मिथिला क्षेत्रको पोखरीमा व्यावसायिक माछापालन हुनथाल्यो। यसले पोखरीलाई एक प्रकारको आम्दानीको स्रोतको रूपमा परिणत गरिदियो। त्यति हुँदा पनि जुन परिवारका पूर्वजले पोखरी खनाएका हुन्थे, तिनैले त्यसको आम्दानी बाँड्थे। २०५४ सालमा स्थानीय स्वायत्त शासन ऐन लागू भएपछि त्यस्ता पोखरीहरूमा द्वैध स्वामित्वको अवस्था सिर्जना भयो। भोगचलन गरिआएका परिवारले पोखर ीलाई आफ्नो सम्पत्ति ठान्थे भने स्थान(ीय निकायले आफ्नो सम्पत्ति। त्यसपछि ग्रामीण समाजमा द्वन्द्वको स्वरूप नै फेरियो। गाविसले आम्दानीका लागि त्यस्ता पोखरीहरू ठेक्का लगाउन थाले। भोगचलन गरिआएकाहरूले पनि दाबी छाडेनन्। गाविसमा जसको वर्चस्व हुन्थ्यो, उसकै पक्षका मानिसको पोखरी भए एक प्रकारको परिस्थिति बन्थ्यो। पोखरीवालाहरू अर्को पक्षका भए द्वन्द्व सिर्जना हुन्थ्यो।

विवाद बढेपछि अदालतमा मुद्दा हाल्ने काम मधेसमा सामान्य भएको छ। अहिले मिथिला क्षेत्रको विरलै कुनै पोखरी होला, जहाँ यस्तो विवाद नहोस्। स्थानीय तहको नयाँ व्यवस्था अनुरुप त्यस्तो पोखरीबारे सिफारिस गर्ने जिम्मा वडा कार्यालयमा गएको छ। रवैया पुरानै छ। पोखरीको कारण मधेसमा हत्यासम्म हुने गरेका अनेकौँ घटना छन्। मेरा पूर्वजले खनाएका पोखर ीमा पनि अहिले मुद्दा परेको छ। कुनै दिन त्यहाँ हिंसात्मक झडप हुनसक्ने सम्भावना छ। यसरी मधेसी समाजमा पोखरी द्वन्द्वको बीउ बन्न पुगेको छ।

नहरको उस्तै कथा

चन्द्र नहरलाई नेपालको सबैभन्दा पुरानो नहर प्रणाली मानिन्छ। उदयपुरबाट सप्तरीको फत्तेपुर हुँदै कोशीमा मिसिने त्रियुगा नदीको पानी चन्द्र नहरको पा(नीको मुख्य स्रोत हो। त्यही चन्द्र नहरको एक शाखा गोइठी नहरको पानीबाट हाम्रो गाउँमा सिंचाइ हुन्छ। अर्थात, त्रियुगा नदीको पानीबाट सिञ्चित जग्गा-जमिनबाट उब्जेको धान, गहुँ खाएर हामी पालिएका हौँ। पछिल्लो समय नहरमा पानी कम आउने, ढिलो आउने र चाँडै सुक्ने समस्याबाट हाम्रो गाउँका किसानहरू वर्षेनि पीडित हुनथालेका छन्। चन्द्र नहरको मुहान फत्तेपुरभन्दा माथि उदयपुर जिल्लामा त्रियुगा खोलाबाट अनेक नाला निकाि(लएको पुछारका गाउँलेहरूको गुनासो छ। त्रियुगामै पानीको बहाव कम भएको हुनसक्छ। सत्य के हो, मलाई थाहा छैन। तर हाम्रो गाउँ जो पुछारमा पर्छ, त्यहाँ वर्षेनि पानी अपुग भइरहेको छ। किसानहरू पीडित छन्।

केही वर्षअघि अन्तर्राष्ट्रिय पानी व्यवस्थापन इन्स्टिच्युट (आईडब्लुएमआई) र नेदरल्या(न्डको वानेगन विश्वविद्यालयका अनुसन्धानकर्ताहरूसँग हामी सुनसरीको अमरुवा गाउँमा सिंचाइको अवस्थाबारे अध्ययनका लागि गएका थियौँ। अमरुवा गाउँ सुनसरी मोरङ सिंचाइ कमान्ड एरियामा पर्छ र त्यस गाउँमा दुइटा शाखा नहर (रामगन्ज र सीतागन्ज) पुगेका छन्। तर त्यहाँका किसानहरू प्रायः बोरिङबाटै सिंचाइ गर्दारहेछन्। गाउँ नहरको पुछारमा परेकाले पानी नै नपुग्ने गरेको स्थानीय किसानहरूको गुनासो थियो। हालै हामी रूपन्देहीको मर्चवार क्षेत्र पुग्दा नहरको बीचमा (दुवै डिलको बीचको भाग जहाँबाट पानी बग्छ) अनेकौँ ठाउँमा बोरिङ गाडिएको देखियो। त्यस्ता बोरिङमा पम्पसेट जडान गरेर मोटा-मोटा पाइपमार्फत पानी खेतसम्म लगिरहेको देख्दा अचम्म लागेको थियो।

यस्तो किन भएको होला भनेर बुझ्न मन लाग्यो। सन् १९५० को दशकसम्म मर्चवार क्षेत्रमा परम्परागत सीप र साधनको प्रयोगबाट सिंचाइ हुने गर्थ्यो। वर्षेनि मर्चवारका हजारौँ किसान गएर गुरबानिया भन्ने ठाउँमा तिनाउ खोलामा अस्थायी बाँध बनाउँथे। त्यस बाँधले सुक्खा समयमा पानी जम्मा गरेर राख्थ्यो। पुरानो कुलो, पैनीको संरचना वा अन्य कुनै तरिकाबाट मर्चवार क्षेत्रमा सिंचाइ हुन्थ्यो। वर्षायाममा ठूलो बाढी आएपछि त्यो बाँध बग्थ्यो। अर्को वर्ष फेरि त्यही तरिकाबाट सिंचाइ गरिन्थ्यो। सन् १९६१र६२ तिर भारत सरकारको सहयोगमा बुटवल नजिक तिनाउ नदीमा हात्तीसुँढे बराज निर्माण भयो। मर्चवार क्षेत्रभरि नहर बनाइयो। बराज बनेको अर्को वर्ष नै तिनाउमा ठूलो बाढी आयो। नदीको बहाव नै परिवर्तन गरिदियो। बराज भएको ठाउँमा पानी नै बगेन।

नदीको नयाँ बाटोमा नयाँ बराज बनाए मात्र त्यो भारतीय नहरमा पानी ल्याउन सकिने अवस्था सिर्जना भयो। अहिलेसम्म नयाँ बराज बनेन। गुरबानियामा प्रयोग गरिँदै आएका पुराना स्थानीय प्रविधिको विकल्पमा हात्तीसुँढे बराज बनेको थियो। न पुरानो रह्यो, न नयाँले काम दियो। मर्चवार बासीलाई निकै अप्ठ्यारो पर्‍यो। धेरै पछि भारतीय नहरको केही भागमा लिफ्ट सिंचाइ प्रविधि उपयोगमा ल्याइयो। तर अधिकांश भूभाग स्थानीय बासिन्दाले आफ्नै बलबुँतामा खेतीपाती गर्छन्। बाँकी भाग प्रयोगविहीन छ। त्यसकारण त्यो नहरमा ठाउँ-ठाउँमा बोरिङ गाडिएको छ। यसबारे जलस्रोत विज्ञहरू दीपक ज्ञवाली र अजय दीक्षितले अनेकौँ लेख लेखेका छन्।

पानी व्यवस्थापनसँग सम्बन्धित अनेक अनौठा उदाहरण मधेसमा देख्नरसुन्न पाइन्छ। विकासको नाममा भौतिक संरचना निर्माणलाई जोड दिएर मात्र समस्याको समाधान हुने होइन। राज्यको पुनर्संरचनापछि विभिन्न तहका सरकारले यसबारे नयाँ तरिकाले सोच्नु जरुरी छ।

नदीको नयाँ बाटोमा नयाँ बराज बनाए मात्र त्यो भारतीय नहरमा पानी ल्याउन सकिने अवस्था सिर्जना भयो। अहिलेसम्म नयाँ बराज बनेन। गुरबानियामा प्रयोग गरिँदै आएका पुराना स्थानीय प्रविधिको विकल्पमा हात्तीसुँढे बराज बनेको थियो। न पुरानो रह्यो, न नयाँले काम दियो। मर्चवार बासीलाई निकै अप्ठ्यारो पर्‍यो। धेरै पछि भारतीय नहरको केही भागमा लिफ्ट सिंचाइ प्रविधि उपयोगमा ल्याइयो। तर अधिकांश भूभाग स्थानीय बासिन्दाले आफ्नै बलबुँतामा खेतीपाती गर्छन्। बाँकी भाग प्रयोगविहीन छ। त्यसकारण त्यो नहरमा ठाउँ-ठाउँमा बोरिङ गाडिएको छ। यसबारे जलस्रोत विज्ञहरू दीपक ज्ञवाली र अजय दीक्षितले अनेकौँ लेख लेखेका छन्।

पानी व्यवस्थापनसँग सम्बन्धित अनेक अनौठा उदाहरण मधेसमा देख्नरसुन्न पाइन्छ। (इकान्तिपुरबाट)